18-10-2026 Sunday

National News

## मुख्य समाचार

- मध्य प्रदेशको ग्वालियरमा भएको सडक दुर्घटना प्रति राष्ट्रपति , उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा गहिरो दुःख व्यक्त
- दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले 'गो-दिल्ली फाउन्डेसन' स्थापना गर्ने प्रस्तावलाई दिएको छ स्वीकृति
- कोलकाताको चोरबागानमा भएको दुःखद घटनालाई ध्यानमा राख्दै, सेन्ट्रल एभिन्यू सहित चोरबागान आसपासका क्षेत्रमा आगामी तीन दिनका लागि निषेधाज्ञा, लागू ..अनि
- युक्रेनी सेनाद्वारा रूसमाथि अहिलेसम्मकै ठूलो हवाई हमला गर्दै एक हजारभन्दा बढी ड्रोन प्रहार

## राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री – ग्वालियर

मध्य प्रदेशको ग्वालियरमा भएको सडक दुर्घटना प्रति राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी. पी. राधाकृष्णन र प्रधानमन्त्रीले गहिरो दुःख व्यक्त गर्नुभएको छ। राष्ट्रपतिले सामाजिक सञ्जालमार्फत सन्देश जारी गर्दै दुर्घटनामा ज्यान गुमाउनेहरूका परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ। उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्नुभएको छ। यसैबीच, प्रधानमन्त्रीले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुर्घटनामा ज्यान गुमाउने व्यक्तिहरूका निकटतम परिवारजनलाई दुई लाख रुपियाँ र घाइतेहरूलाई जनही पचास हजार रुपियाँ अनुग्रह राशि प्रदान गर्ने घोषणा गर्नुभएको छ।

## पैंतीस — दिल्ली : 'गो-दिल्ली फाउन्डेसन'

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले 'गो-दिल्ली फाउन्डेसन' स्थापना गर्ने प्रस्तावलाई स्वीकृति दिएको छ। सरकारले यस फाउन्डेसनका लागि प्रारम्भिक बजेट स्वरूप पचास करोड रुपियाँ उपलब्ध गराउने प्रतिबद्धता पनि व्यक्त गरेको छ।

यस पहलको उद्देश्य राजधानीमा स्टार्टअप, नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गर्नुका साथै युवा, अनुसन्धानकर्ता तथा उद्यमीहरूलाई आफ्ना विचारलाई व्यावहारिक उत्पादन र सफल उद्यममा रूपान्तरण गर्न एकीकृत सहयोग उपलब्ध गराउनु रहेको छ।

<u>दिल्ली – चलो यमुना अभियान</u>

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले आज 'चलो यमुना अभियान' अन्तर्गत आयोजित बृहत् स्वच्छता अभियानमा सहभागिता जनाउनुभएको छ। उहाँको नेतृत्वमा दिल्लीका सबै सत्तरी स्थानमा यमुना नदीका घाट तथा आसपासका क्षेत्रमा सरसफाइ अभियान सञ्चालन गरियो। यस अभियानमा हजारौँ युवा, आवासीय कल्याणकारी सङ्घ, गैरसरकारी संस्था तथा जनप्रतिनिधिहरूले उत्साहपूर्वक सहभागिता जनाउँदै श्रमदान गरेका छन्। मुख्यमन्त्रीले यमुना नदीलाई स्वच्छ राख्न सरकारसँगै समाजका सबै वर्गको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभएको छ। उहाँले धार्मिक सामग्री, प्लास्टिक तथा अन्य फोहोर नदी र घाटमा नफाल्न दिल्लीवासीहरूलाई आग्रह गर्दै स्वच्छतालाई जीवनशैलीको अभिन्न अङ्ग बनाउन आह्वान गर्नुभएको छ।

<u>कोलकाता – भागदौड</u>

कोलकाताको चोरबागानमा भएको दुःखद घटनालाई ध्यानमा राख्दै, सेन्ट्रल एभिन्यू सहित चोरबागान आसपासका क्षेत्रमा आगामी तीन दिनका लागि निषेधाज्ञा लागू गरिएको छ। यसअन्तर्गत यी क्षेत्रमा पाँच वा पाँचभन्दा बढी व्यक्तिहरू भेला हुन, जुलुस निकाल्न, सार्वजनिक सभा गर्न तथा खतरनाक हतियार बोकेर हिँड्न प्रतिबन्ध लगाइएको छ। प्रहरीका अनुसार, गुप्तचर सूचनापछि यो कदम चालिएको हो। यसैबीच, चोरबागान घटनाको जिम्मेवारी निर्धारण गर्न गिरिश पार्क प्रहरीले अनुसन्धान सुरु गरेको छ। यस सिलसिलामा सात जनालाई पक्राउ गरिएको छ।

अठार — युक्रेनको रूसमाथि हवाई हमला

युक्रेनी सेनाले आज रूसमाथि अहिलेसम्मकै ठूलो हवाई हमला गर्दै एक हजारभन्दा बढी ड्रोन प्रहार गरेको छ। यस हमलामा सेन्ट पिटर्स बर्गस्थित तेल भण्डारण केन्द्रमा आगलागी हुँदा एक जनाको मृत्यु भएको र पाँच जना घाइते भएका छन्। रूसको रक्षा मन्त्रालयका अनुसार, रुसी सेनाले विभिन्न पन्ध्र क्षेत्रसहित क्रिमिया प्रायद्वीप र कालो सागर क्षेत्रमा एक हजारभन्दा बढी युक्रेनी ड्रोन नष्ट गरेको छ। यता, युक्रेनको जापोरि-जियामा रुसी हमलामा एक महिलाको मृत्यु भएको छ भने कम्तीमा दुई जना घाइते भएका छन्।

यसैबीच, युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले ऊर्जा पूर्वाधारमाथि रूसले निरन्तर आक्रमण गरेको भन्दै निन्दा गर्नुभएको छ। उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गर्नुभएको ऊर्जा क्षेत्रमा आक्रमण रोक्ने सहमतिको रूसले उल्लङ्घन गरेको आरोप लगाउँदै दुवै पक्षलाई यस्ता हमला रोक्न आह्वान गर्नुभएको छ ।

बीस — इरान : नवनियुक्त रक्षामन्त्री

इरानको संसद्ले आज मेहरदाद अखलाघी-लाई रक्षामन्त्री नियुक्त गर्ने प्रस्तावलाई स्वीकृति दिएको छ। उहाँको पक्षमा दुई सय सैँतीस जना सांसदले मतदान गरे  भने पन्ध्र जनाले विपक्षमा मतदान गरे । नवनियुक्त रक्षामन्त्री मेहरदाद अखलाघीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई इरानमाथि पुनः आक्रमण नगर्न चेतावनी दिनुभएको छ। उहाँले 'मदर अफ अल बम्ब्स' को सामना गर्न इरानले आवश्यक सबै उपाय अपनाएको र आफ्नो सैन्य तयारीप्रति विश्वस्त रहेको बताउनुभएको छ। संसद्लाई सम्बोधन गर्दै उहाँले राष्ट्रपति ट्रम्पलाई तनाव बढाउनबाट जोगिन तथा यस क्षेत्रबाट अमेरिकी सैनिकहरूको सुरक्षित फिर्तीमा ध्यान दिन आग्रह गर्नुभएको छ।

दिल्ली प्रहरी — साइबर ठगी

दिल्ली प्रहरीले पाँचवटा राज्यमा एक करोड त्रिपन्न लाख रुपियाँ बराबरको साइबर ठगी हुनबाट रोकेको छ। दिल्ली प्रहरीको इन्टेलिजेन्स फ्युजन एन्ड स्ट्राटेजिक अपरेसन्स अर्थात् आई.एफ..एस.ओ एकाइले यससम्बन्धी जटिल तथा संवेदनशील मामिलाहरूको अनुसन्धान गर्दछ। दिल्ली, राजस्थान, उत्तर प्रदेश, महाराष्ट्र र गुजरातमा दर्ता भएका पाँचवटा मामिलामा समयमै हस्तक्षेप गरी यस एकाइले शङ्कास्पद रकमको स्रोत पत्ता लगाउनुका साथै साइबर

ठगीका पीडितहरूको पहिचान गरेको छ। यीमध्ये अधिकांश घटनामा ज्येष्ठ नागरिकहरूलाई निशाना बनाइएको थियो।

## ३३ लद्दाख – पर्वतारोही

पश्चिम बङ्गालका पर्वतारोहीहरू-को एक टोलीले पूर्वी लद्दाखमा रहेका तीनवटा अज्ञात पर्वत शिखरमा पहिलोपटक सफल आरोहण गरेको छ। यी तीनवटै शिखरको नाम महान् पर्वतारोही तेन्जिङ नोर्गे र एडमन्ड हिलारी तथा स्वतन्त्रता सेनानी नेताजी सुभाषचन्द्र बोसका नाममा राख्न प्रस्ताव गरिएको छ। पर्वतारोहीहरूले नयाँ मार्ग हुँदै चाङ चेनमो काङ्ग्री शिखरमा समेत आरोहण गरेका छन्। पर्वतारोही रुद्र प्रसाद हल्दर र गिनिज वर्ल्ड रेकर्डका कीर्तिमानधारी सत्यरूप सिद्धान्तको नेतृत्वमा रहेको सोनारपुर आरोही दलले आफ्नो चाङ चेनमो अभियान दुई हजार छब्बीसका क्रममा चारवटा शिखरमा सफल आरोहण गरेको हो।

## मौसम

मौसम विभागले आज आन्ध्र प्रदेश, केरल, माहे, दक्षिणी आन्तरिक कर्नाटक, तमिलनाडु, पुदुचेरी र कराईकलका केही स्थानमा मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ। यसैगरी, राजस्थान, पूर्वी उत्तर प्रदेश, कोङ्कण, गोवा, मध्य महाराष्ट्र, मराठवाडा, मध्य प्रदेश, ओडिशा, छत्तीसगढ, तेलङ्गाना र लक्षद्वीपका केही स्थानमा चट्याङ पर्नुका साथै तीव्र हावा चल्ने सम्भावना रहेको छ। विभागका अनुसार, दिल्लीमा आगामी चार दिनसम्म मौसम सफा रहने अनुमान गरिएको छ।